आज मिति २०७७ साल माघ २२ गते सोमवारका दिन यस देवाताल गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री लालो प्रसाद मेहता ज्युको अध्यक्षतामा बसेको गाउँ गाउँकार्यपालिकाको बैठकमा देहाय बमोजिम को उपस्थितिमा तपशिल अनुसार निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| श्री लालो प्रसाद मेहता | अध्यक्ष | → [signature] |
| श्री पुनितादेवी यादव | उपाध्यक्ष | → पुनिता |
| श्री सुर्य नारायण पाल | वडा अध्यक्ष वडा नं १ | → [signature] |
| श्री मकबुल मियाँ | " " " २ | → [signature] |
| श्री अनिल कुमार भगत | " " " ३ | → [signature] |
| श्री चन्द्रेश्वर प्रसाद मेहता | " " " ४ | → [signature] |
| श्री अशोक यादव | " " " ५ | → [signature] |
| श्री देव नारायण मेहता | " " " ६ | → [signature] |
| श्री बद्रि प्रसाद यादव | " " " ७ | → [signature] |
| श्री रेखा देवी सरदार | का. पा. सदस्य | → रेखा |
| श्री सोनीदेवी यादव | " " | → सोनीदेवी |
| श्री चन्द्रकला देवी दास | " " | → चन्द्र [signature] |
| श्री राजकुमारी शाह | " " | → राजी |
| श्री नरेश शर्मा | " " | → [signature] |
| श्री महानन्द पाल | " " | → महानन्द |
| श्री चुडामणी गुरुगाई | सदस्य सचिव | → [signature] |

आमन्त्रीत :

| | | |
|---|---|---|
| १. अथ प्रकाश मेहता | स्वकीय सचिव | — [signature] |
| २. त्रिलोचन न्यौपाने | प्रशासकीय अधिकृत | [signature] |
| ३. भ- चन्द्रशेखर सिन्हा | स० ई० | [signature] |
| ४. प्रसन्न ध्वज कार्की | जिन्सी लेखा | [signature] |
| ५. सुमन भट्टराई | लेखापाल | |
| ६. बिन्दादेवी उप्रवाल | स० क० अ० | |
| ७ उमेश प्रसाद मेहता | स्वा. शाखा | [signature] |
| ८ जनार्दन प्र. मेहता | प्र. प. अ | [signature] |
| ९. बिन्देश्वर यादव | लेखापाल | [signature] |

(१) आइसोलेसन केन्द्रको रकम व्यवस्थापन सम्वन्धमा,

(२). घर भाडाको रकम व्यवस्थापन सम्वन्धमा,

(३) दर रेट सम्वन्धमा

(४). आर्थिक सहयोग सम्वन्धमा

(५) गरिव संग विश्वेश्वर कार्यक्रम सम्वन्धमा,
(६) आ.व ०७६।७७को खर्च अनुमोदन सम्वन्धमा
(७) आ.व ०७६।७७ स्थानीय तह प्रकोप व्यवस्थापन खाता सम्वन्धमा,
(८.) प्रमुख प्रशासकिय अधिकृत श्री त्रिलोचन ढ्यौपानेको विदाइ सम्वन्धमा

निर्णयहरु:

(१.) प्रस्ताव नं १ माथि छलफल गर्दा सुनसरी जिल्लाका प्र.जि.अ तथा DCCMC का अध्यक्ष श्री फणिन्द्रमणी पोखरेलको अध्यक्षतामा बसेको जिल्ला covid19 crisis management center सुनसरीको मिति २०७७।४।२८ गतेको बैठकको निर्णय नं ३ अनुसार आइसोलेसन सेन्टरको सञ्चालन कोष स्थापना गर्न देवानगञ्ज गा.पा को तर्फवाट रु. तिन लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

(२.) प्रस्ताव नं २ माथी छलफल गर्दा covid 19 नियन्त्रणका लागी नेपाल सरकारले जारी गरेको लकडाउन निषेधाज्ञा तथा अन्तराष्ट्रिय सिमा नाका बन्द गर्ने निर्णय कार्यान्वयन गर्न नाकामा रेखदेख गर्न देवानगञ्ज ३ मा घरभाडा लिई सञ्चालन गरिएकोमा सो घरभाडा वापतको रकम जेष्ठ, असार, साउन, भाद्र को रु सोह्र हजार भुक्तानी गर्ने निर्णय गरियो ।

(३.) प्रस्ताव नं ३ माथी छलफल गर्दा आर्थिक वर्ष ०७७।७८ को लागी देवानगञ्ज गा.पा.को कामकाजको ढ्याल निर्माण सामाग्री ढुवानी मेसिन तथा अन्य उपकरण भाडा सम्वन्धी तथा औजार खरिदका लागी जिल्ला दर रेट अनुसार नै दर रेट कायम गरी पारित गरियो ।

(४.) प्रस्ताव नं ४ माथी छलफल गर्दा तपशिल अनुसारको मानिसहरुलाई उपचार खर्च वापत निम्नानुसारको रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

क. बलदेव महतो को श्रीमति भुलोको देवी महतोको उपचार-खर्चको रकम रु. २५,००० ।-

ख. अगरजित महतोको आमा मभिया देवी महतोको लागी उपचारखर्चको रकम रु. २५,०००।-

(५) प्रस्ताव नं ५ माथी छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गरिब संग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिई बजेट समेत प्राप्त भएको हुँदा सो कार्यक्रम सञ्चालन गर्न सामाजिक परिचालकको म्याद थप गरि निरन्तरता दिने निर्णय गरियो ।

(६) प्रस्ताव नं ६ माथी छलफल गर्दा आ.व २०७६।०७७ को वार्षिक आय रु. ४६ करोड ७१ लाख ३३ हजार ६ सय ७२ रुपैया ५४ पैसा र खर्च ३४ करोड ~~८४लाख~~ ४ ८६ लाख, ६३ हजार ३ सय ६५ रुपैया २५ पैसा र बाँकि रु. १० करोड ७६ लाख ३२ हजार २ सय २४ रुपैया ७६ पैसा लाई अनुमोदन गरियो ।

(७) प्रस्ताव नं ७ माथी छलफल गर्दा आ.व ०७६।७७ को स्थानीय तह र प्रकोप व्यवस्थापन भएको आम्दानी रु. ६२ करोड २५लाख ४ हजार ७ सय ९४ रुपैया ६० पैसा र खर्च ८० लाख ११ हजार ६ सय १६ रुपैया र बाँकि ६१ करोड ४४ लाख ९२ हजार ८ सय ६८ रुपैया ६० पैसा भएको हुँदा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

(८) प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकिय अधिकृत श्री त्रिलोचन न्यौपाने २०७४/७/१२ गते देखी आजको मिति सम्म यस गा.पा.मा कार्यरत रहि सरुवाको क्रममा जिल्ला प्रशासन कार्यलय सुनसरी जान लाग्नु भएको छ। यस अवसरमा उहाँले गर्नु भएको कार्यको उच्च मुल्यांकन गर्दै कार्यपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछ। उहाँको आगामी कार्यकाल अझ उन्नतीका साथ सफल रहोस भन्ने शुभकामनाका साथ यो विदाई कार्यक्रम गरियो।